खैरहनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल

फोन ०५६- ५८२८८५
०५६- ५८२००६

प.सं. : २०७७/०७८ कृषि शाखा
च.नं. : 3961

**मकै उत्पादन प्रवर्द्धन कार्यक्रममा सहभागिताको लागि सुचिकृत हुने सम्बन्धी सूचना**

प्रथप पटक प्रकाशित मिति: २०७७/०९/१३

खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि शाखाको चालु आ.ब. २०७७/०७८ को संघिय सरकारबाट हस्तान्तरीत **मकै उत्पादन प्रवर्द्धन कार्यक्रम (बाली विकास कार्यक्रम)** अर्न्तगत बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम संचालन प्रक्रिया, २०७७ अनुसार आर्थिक विकास समितिको मिति २०७७/०८/२१ गते बसेको बैठकको निर्णयानुसार निर्धारण गरिएको क्लष्टर अर्न्तगतका १, २, ३, ४, ९, १०, ११ र १२ वडाहरुमा रहेका मकै उत्पादक कृषक/कृषि फर्म/कृषि समुह/सहकारी/सामुदायिक बीउ बैंक व्यवस्थापन समिति/उपभोक्ता समिति/निजी उद्यमी/कम्पनीहरुले कार्यक्रम अर्न्तगत संचालन हुने क्रियाकलापहरुमा सहभागिताको लागि यो सुचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७७/०९/२७ गते) भित्र तपशिल बमोजिमका कागजातहरु संलग्न राखि सुचिकृत हुनका लागि रितपूर्वक निवेदन पेश गर्नुहुन सम्बन्धित सम्पुर्ण सरोकारवालाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. निवेदन (खेती गरिने क्षेत्रफल खुलेको हुनुपर्ने),
२. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी,
३. लेखा परिक्षण प्रतिवेदन वा करचुक्ता प्रमाण पत्रको प्रतिलिपी,
४. नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी,
५. संस्थागत निर्णयको प्रतिलिपी,
६. कार्यक्रममा समाबेश हुने प्रत्येक कृषक सदस्यहरुको खेती गरिने जग्गाको एकिकृत सम्पती कर तिरेको रसिदको प्रतिलिपी,

पुनश्च : थप जानकारीको लागि खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि शाखा (९८४५८६५२२२, ९८४१८१४४२१) मा सम्पर्क राख्न सकिने छ ।

चन्द्रकान्त न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
(उपसचिव)

चन्द्रकान्त न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

Web Site :www.Khairahanimun.gov.np
E–Mail :– info@Khairhanimun.gov.np

# मकै उत्पादन प्रवर्द्धन कार्यक्रम

अपेक्षित उपलब्धिः

- सिंचाई सुविधाको अबस्था, धान मिल/दाना उद्योगको अवस्थिति, सडकको पहुँच, बजार केन्द्र सम्मको दुरी, चक्लाबन्दी तथा सामुहिक खेती गर्न सकिने सम्भावना, मिल/दाना उद्योगको आवस्यकता बमोजिम उत्पादन गर्न सकिने अबस्था तथा दाना उद्योगसंग खरिद सम्झौता हुन सक्ने अवस्था लगाएतका आधारमा ५०० हेक्टर (७५० विघा) को उत्पादन क्लस्टर रहने
- उत्पादन क्लस्टर भित्र चक्लाबन्दी गरी २० हेक्टर (३० विघा) को व्यक्तिगत वा सामुहिक उत्पादन ब्लकहरु निर्माण गर्ने

<u>मकै प्रवर्द्धन कार्यक्रममा संचालन गरिने क्रियाकलापहरु</u>

| क्रियाकलाप | संचालन विधि |
|---|---|
| माटो जाँच गरी माटो स्वास्थ्य कार्ड वितरण | • प्रयोगशालामा माटोको नमूना जाँच गरी माटो स्वास्थ्य कार्ड बितरण गरिने<br>• अम्लियपना बढि भएकोमा अनुदानमा कृषि चुन उपलब्ध गराइने |
| भकारो सुधार | कुल लागतको ५०% वा बढिमा एकमुष्ठ रु. १२,०००।- उपलब्ध गराइने |
| गुणस्तरीय कम्पोष्ट मल उत्पादन | • गड्यौले मल तथा शुक्ष्म जिवाणुको प्रयोग गरि कम्पोष्ट मल तयारीको लागि लागतको ५०% वा बढिमा एकमुष्ठ रु. १०,०००।- उपलब्ध गराइने<br>• उत्पादन ब्लक भित्र एकै टोलका कम्तिमा १० कृषक परिवारको सहभागितामा सामुहिक रुपमा गड्यौले मल उत्पादन गर्नको लागि भर्मि बेड र सेड निर्माणको लागि कुल लागतको ५०% वा बढिमा एकमुष्ठ रु. ५०,०००।- उपलब्ध गराइने |
| बायो फर्टिलाइजर र शुक्ष्म तत्व प्रदर्शन | |
| हरियो मल प्रयोग प्रवर्द्धन | हरियो मलको बीउमा सत प्रतिशत अनुदान उपलब्ध गराइने |
| बायोचार प्रयोग प्रवर्द्धन | |
| प्रविधि परिक्षण तथा स्थलगत प्रदर्शन | |
| उन्नत बीउ वितरण | नेपालका विकास भई लोकप्रिय भएका जातहरुमा मात्र (बर्णशंकर समेत) बीउ अनुदान कार्यक्रम (५०%) संचालन हुनेछ |
| बीउ उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम | मकैमा न्यूनतम ५ हेक्टरको ब्लकमा एकै जातको बीउ उत्पादन गर्न श्रोत बीउमा ५०% अनुनान रहने |
| चक्लाबन्दी वा सामूहिक खेती प्रवर्द्धनका लागि एक पटकका लागि जमिन सम्याउने प्रोत्साहन अनुदान | प्रति हेक्टर (१ विघा १० कठ्ठा) रु. १०,०००।- मा बढ्ने गरि प्रोत्साहन अनुदान उपलब्ध गराइने |
| सामुहिक/सामुदायिक/नीजि कृषि सामाग्री बिक्रि तथा कष्टम हायरिङ्ग सेवा केन्द्र स्थापना | • सामुहिक/सामुदायिक कष्टम हायरिङ्ग सेवा केन्द्र स्थापनाका लागि कुल लागतको ५०% वा एक पटकको लागि बढिमा एकमुष्ठ रु. २५,००,०००।- अनुदान उपलब्ध रहने<br>• नीजि कष्टम हायरिङ्ग सेवा केन्द्र स्थापनाका लागि कुल लागतको ५०% वा एक पटकको लागि बढिमा एकमुष्ठ रु. १५,००,०००।- अनुदान उपलब्ध रहने<br>• |